**नगर कार्यपालिकाको मिति २०७४।०४।१९ मा सम्पन्न बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल हुँदा सबै वडा कार्यालयबाट भए गरेका काम कार्वाही र सेवा प्रवाहको विषयमा सम्बन्धित वडा अध्यक्षहरुद्वारा कार्य सम्पादन प्रतिवेदन प्रस्तुत भयो । यस अवधिमा सामाजिक सुरक्षा भत्ता वितरण, व्यक्तिगत घटना दर्ता, सिफारिस, अनुगमन तथा निरिक्षण र कार्यालय सञ्चालन लगायतका विषयमा प्रतिवेदन पेश भयो । नगरपालिकाको समग्र विकासको लागि नगर विकास योजना तर्जुमा गरी अगाडी बढ्ने विषयमा नगर प्रमूखबाट सघन रुपमा पहल र प्रयत्न भईरहेको प्रतिवेदन बैठकमा प्रस्तुत भयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा निम्नानुसारको निर्णयहरु गरियो :

क) यस नगर कार्यपालिकाको कार्यालयको चालू आ.व. ०७४।७५ को चालु प्रकृतिको अनिवार्य दायित्वः- तलवभत्ता, कार्यालय सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भार सम्वन्धी खर्च तथा दायित्वहरु नगर सभा नभएसम्मका लागि साविकको नगर परिषदले पारित गरेको कार्यक्रम तथा बजेट अनुसार नै गर्ने ।

ख) वडा कार्यालयको चालू आ.व. ०७४।७५ को चालु प्रकृतिको अनिवार्य दायित्व तलवभत्ता, कार्यालय सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भार सम्वन्धी खर्च तथा दायित्वहरु नगर सभा नभएसम्मका लागि साविकको गाउँ परिषदले पारित गरेको कार्यक्रम तथा बजेट अनुसार नै गर्ने । सोको लागि वडा सचिव कार्यरत रहेका सबै वडा कार्यालयको नियमानुसार एक खर्च खाता सञ्चालनमा ल्याउने र उक्त खर्च खातामा साविकको गाउँ परिषदले पारित गरेको कार्यक्रम तथा बजेटको चालु खर्चको एक तिहाई बजेट रकम पहिलो किस्तास्वरुप नगर कार्यपालिकाको कार्यालयले पठाउने ।

ग) नगर कार्यपालिकाबाट कार्यविधि बनाई वडा समितिको वैठकका लागि नियमानुसार बैठक भत्ता उपलब्ध गराउने ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार पारी यस बैठकमा प्रस्तावको रुपमा प्रस्तुत गरिएको नगर सभा सञ्चालन कार्यविधि, २०७४

मा सभाको अधिवेशन बोलाउने व्यवस्था अन्तर्गत "अध्यक्षले नगरपालिकाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ४ (चार) महिना भित्र सभाको पहिलो अधिवेशन बोलाउनेछ ।" भन्ने व्यवस्था समावेश गरी नगर सभा सञ्चालन कार्यविधि, २०७४ लाई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको नगरसभा मिति २०७४ आश्विन २५ गते बुधवार आयोजना गर्ने निर्णय गरियो । उक्त नगरसभामा यस नगरपालिकाको चालु आ.व.को नीति, कार्यक्रम तथा बजेट पारित गर्नका लागि देहाय बमोजिमको कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी कार्य र मिति निर्धारण गर्ने निर्णय समेत पारित गरियो ।

क) श्रोत अनुमान तथा कुल बजेट सिमा निर्धारण : मिति २०७४ साउन २० देखि भाद्र ५ गतेसम्म

ख) बस्ती तथा टोलस्तरबाट योजना छनौट : मिति २०७४ भाद्र ६ देखि १५ गतेसम्म

ग) वडास्तरीय योजना प्राथमिकिकरण : मिति २०७४ भाद्र १६ देखि १८ गतेसम्म

घ) बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट बजेट तथा कार्यक्रम तयारी : मिति २०७४ भाद्र १९ देखि आश्विन ८ गतेसम्म

ङ) नगर कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृति : मिति २०७४ आश्विन ९ देखि २० गतेसम्म

च) नगरसभाको बैठकमा बजेट तथा कार्यक्रम पेश तथा स्वीकृती : मिति २०७४ आश्विन २५ गते ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ अन्तर्गत देहाय बमोजिम निर्णयहरु गरियो

क) नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यलयहरुमा दरवन्दी अनुसारको कर्मचारी यथाशिघ्र व्यवस्थापन गर्नका लागि जिल्ला कर्मचारी व्यवस्थापन समितिलाई सिफारिस गर्ने ।

ख) नगर कार्यपालिकाको कार्यालय व्यवस्थापनको लागि जिल्ला समन्वय समिति तथा विषयगत कार्यालयहरुसंग समन्वय गरी नगर प्रमुखले आवश्यक कार्य गर्ने ।

ग) प्राकृतिक विपद्बाट पुगेको क्षतिलाई यथोचित मूल्याँकन गरी गम्भीर किसिमको मानवीय क्षति सहितको भौतिक क्षति (बस्ने घर भत्किएको) भएको अवस्थामा रु. १०,०००। (दश हजार) सम्म मात्र एवम् मानवीय क्षति नभई भौतिक क्षति भएको अवस्थामा रु. ५,०००। (पाँच हजार) सम्म मात्र पिडितलाई राहत उपलब्ध गराउने । सो राहत रकम सम्वन्धित वडाको अध्यक्षको सिफारिस, प्रहरी सर्जमिन मुचुल्का, कार्यालयको कर्मचारीको स्थलगत निरिक्षण, क्षति भएको देखाउने फोटाहरुका आधारमा नगर कार्यपालिकाको प्राकृतिक/विपद व्यवस्थापन कोषबाट नगर कार्यपालिकाको कार्यालयले उपलब्ध गराउने ।

घ) दिक्तेल बजार क्षेत्रमा बढ्दो भुस्याहा कुकुरले दुख दिईरहेको बजारवासीको जनगुनासोलाई मध्यनजर गर्दै आवश्यक विधि अपनाई भुस्याहा कुकुर नियन्त्रण गर्ने ।

ङ) रुपाकोट मझुवागढी नगरपालिकाको एकिकृत र दिगो विकासका लागि आवधिक नगर विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।